वर्ष - १४, अंक - ८१ वि.सं. २०७०, जेठ १२ गते गान्तोक, आइतवार, २६ मई, २०१३ 26 MAY, 2013, SUNDAY, GANGTOK मूल्य ₹ ४/-




सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

website : www.hamroprajashakti.com https://www.facebook.com/pages/Hamroprajashakti

**किड्नी दाता चाहियो**

आफ्नो किड्नी दानस्वरूप प्रदान गरेर कसैलाई जीवनदान दिन चाहनुहुनेको निम्ति अनुरोध गरिन्छ कि ओ+ (O+) किड्नीको खाँचो परेको कारण किड्नी दान गर्न चाहनुहुन्छ भने निम्न नम्बरमा सम्पर्क गर्नसक्नुहुनेछ।

सम्पर्क:9434445143, 9593778207

समयको निनाद-माथि सरसर्ती पृष्ठ-४ | राजनीतिमा भन्न मन लाग्छ पृष्ठ-५ | श्रीनिवासनद्वारा राजीनामा दिन अस्वीकार पृष्ठ-७

# अनिश्चितकालीन बन्द नहुने

## पुलिसी कारवाहीको विरोधमा हुन्छ आमरण अनशन-गिरी

*प्रजाशक्ति संवाददाता*

**दार्जीलिङ, २५मई।** गोजमुमो, केन्द्रिय महासचिव एवं जीटीए सभासद् रोशन गिरीले आज पत्रकारहरूसंग बातचित गर्दै पहाड़ बन्द नहुने जानकारी गराए। आज स्थानीय सिंगमारीस्थित मोर्चा केन्द्रिय कार्यालयमा एक महत्वपूर्ण बैठक बसेर वर्तमान पहाड़मा पर्यटकहरूको आगमन, आगामी ३ जूनमा निर्धारित त्रिपक्षीय रिभ्यू मिटिङ आदिलाई मध्यनजर गर्दै पहाड़ बन्दलाई स्थगित गर्ने निर्णय लिइएको जानकारी पत्रकारहरूलाई महासचिव गिरीले गराइयो। पत्रकारहरूसंगको कुराकानीमा उनले भने, मोर्चा केन्द्रिय महासचिव रोशन गिरी, केन्द्रिय सहसचिव विनय तामाङ तथा जीटीए डेपुटी चीफ रमेश आलेले बताए, आज पार्टी कार्यालयमा पार्टी अध्यक्ष विमल गुरूङको अध्यक्षतामा एक महत्वपूर्ण बैठक सम्पन्न भएको थियो। बैठकमा दार्जीलिङ पहाड़मा पर्यटकहरूको बढ्दो आगमनदेखि लिएर आगामी ३



जूनमा हुन गइरहेको त्रिपक्षीय बैठक आदि विषयलाई ध्यानमा राख्दै यसबेला पहाड़ बन्द गर्न अनुचित रहने महसुस गरिएपछि बन्द स्थगित राख्ने फसेला लिइयो। तर पुलिस प्रशासनले निर्दोष मोर्चा समर्पित जीटीए सभासद् चन्द्र योञ्जनलाई बिनाकारण पक्राउ गरिएको विरोधमा भने भोलि आइतबार २६मईको दिन दार्जीलिङ, खरसाङ, मिरिक एवं कालेबुङ क्षेत्रमा आमरण अनशन गर्ने निर्णय लिएको महासचिव गिरीले पत्रकारहरूलाई बताए। उनले अझ बताए अनुसार भोलि आइतबारदेखि शुरू हुने आमरण अनशन दार्जीलिङको जिल्लापाल कार्यालयअघि हुनेछ भने अनशनमा जीटीए सभासद्गण विनय तामाङ, नर्बुजी लामा, पेम्बा छिरिङ ओला, उदय देवानले सहभागिता जनाउनेछन्। खरसाङको स्थानीय महकुमा शासक कार्यालयअघि गरिने अनशनमा सभासद्हरू- अनुज थापा, योगेन्द्र राई, प्रणय लामा आदिले भाग लिनेछन् भने मिरिकको अनशनमा सभासद्द्वय अरूण सिग्जी, विक्रम गोले साथै नगरपालिकाका भायसचेयरमेन एम0के0 जिम्बाको विशेष उपस्थिति रहनेछ। यसरी नै कालेबुङको महकुमा शासक कार्यालयअघि हुने अनशनमा जीटीए सभासद्हरू- सुनिल प्रधान, चन्द्र प्रकाश पौड्याल, गोपाल रूचाल आदिले उपस्थिति दर्ता गराउनेछन्।

▶रहल पाता २-मा

# जेसीबी दुर्घटना, तीनजनाको मृत्यु

**गेजिङ, २५ मईः** हिजो साँझ करीब ५ बजीतिर पश्चिम सिक्किम टाशीडिङ योक्सम समष्टिअन्तर्गत कोङरी मानेडाँड़ामा एउटा जेसीबी दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ भने एकजना सिकिस्त अवस्थामा रहेको समाचार प्राप्त छ। मृत्यु हुनेमा अपरेटर पूर्व सिक्किम सामदुङ निवासी प्रेम छिरिङ लेप्चा, लाभदाङ निवासी भक्तबहादुर गुरुङ, धूपीनर खोला निवासी मनिकुमार कामीको घटनास्थलमै मृत्यु भयो भने प्रकाश छेत्रीलाई पनि शरीरमा चोट लागेको कारण गान्तोक रेफर गरेको जानकारी छ। उक्त जेसीबी सड़क निर्माणको निम्ति कोङरीतर्फ गइरहेको समय दुर्घटना भएको जानकारी छ। सड़कदेखि धेरै तल झरेको कारण मेशिन निकाल्न पनि नसकिने अवस्था रहेको समाचार छ। यस जेसीबीका मालिक याङ्ते निवासी आरवाङगेल काजी हुन् भने मृतक शवलाई गेजिङ जिल्ला अस्पतालमा पोस्टमर्टम गरी परिवारलाई सुम्पिएको समाचार छ।



## तादोङमा दुर्घटना, चार घाइते

**गान्तोक, २५ मईः** एउटा अनियन्त्रित अल्टो ट्याक्सी दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार चालक लगायत कूल पाँचजना घाइते भएका छन्। ती मध्ये दुईजनाको अवस्था गम्भीर रहेको छ जसलाई मणिपाल सेन्ट्रल रेफरल अस्पतालमा आइसीयुमा राखिएको

▶रहल पाता २-मा




## एनडीएफबी 'स्टप एक्सटोर्सन' : आग्सु

# एक घण्टा राष्ट्रिय राजमार्ग-५२ बाधित

*प्रणव कुमार दास*

**तेजपुर, २५ मईः** नेशनल डेमोक्रेटिक फ्रण्ट अफ् बोडोल्याण्ड (एनडीएफबी)-ले सोनितपुरको उत्तर भाग लगायत बीटीएडीको चार गोर्खाबहुल जिल्लाहरूका गोर्खा समुदायबाट रूपियाँ असुल्ने तथा करकापमा पार्न जुन बयान दिइरहेछ, त्यसको विरोधमा आज अल असम गोर्खा स्टुडेन्ट्स युनियन, सोनितपुर जिल्ला समितिले सोनितपुरमा एक घण्टासम्म राष्ट्रिय मार्ग-५२ अवरोध गर्‍यो। संगठनले बताएअनुसार गोर्खा समुदायको अधिकांश संख्या रहेको गोर्खाबहुल बीटीएडीका चार जिल्ला कोक्राझार, उदालगुढ़ी, बङगाइगाउँ अनि बाक्सामा उग्रवादीहरू आएर सँधै जसो आएर गाउँबाट रूपियाँ जमा गरेर दिने अन्यथा स्थिति राम्रो नहुने चेताउनी दिने गरिरहेछन्।

गोर्खा स्टुडेण्टस् युनियनको नारा थियो 'एनडीएफबी गो ब्याक' अनि 'स्टप एक्सटोर्सन'। एएजीएसयुले आज उक्त संगठनको विरोधमा १२ घण्टा बीटीएडी बन्द डाकियो। यो बन्दको समयमा दिउँसो ११ बजीदेखि १ बजीसम्म दुइ घण्टा विश्वनाथ चाराली मार्फत तेजपुरदेखि धेमाजी अनि इटानगर देखि गुवाहाटीको मार्ग पूर्णरूपले बन्द रह्यो।

शोनितपुर जिल्ला एएजीएसयुको सचिव गोपाल छेत्रीले दिएको जानकारी अनुसार बीटीएडी जिल्ला अनि




सोनितपुर जिल्लाका गोर्खाबहुल गाउँहरूबाट ५0 हजार रूपियाँ दिने धम्की दिँदै एनडीएफबी दलले सम्पत्ति अपहरण गर्ने सूचनाहरू गाउँमा बाँड़दै उक्त तोकिएको रकम नदिए बीटीएडी जिल्ला छोड़ने चेताउनी दिएको छ। उनले अझै भने, उक्त संगठनले गाउँलेहरूलाई पोनद्वारा पनि बारम्बार चेताउनी दिइरहेछ।

सचिव छेत्रीले बताए अनुसार शोनितपुर जिल्लाका राष्ट्रिय मार्ग ५२-को उत्तर क्षेत्रका छरनुट, बालिजुरी, तीनखुटी, भिमाजुली, विश्वनाथ चाराली अनि गहपुरका दुइलाख भन्दा अधिक गोर्खा समुदाय पनि सुरक्षित छैनन्। अहिलेसम्म बलिजुरी क्षेत्रबाट मात्र २५ जना अत्याचारको शिकार बनिसकेका छन्। यो क्षेत्र इटाखोला पुलिस स्टेशन अन्तर्गत पर्दछ।

संगठनले राज्य सरकारलाई गैरकानूनी हतियारहरू जफ्त गर्नका साथै शोनितपुर जिल्लाको बीटीएडी क्षेत्रमा जबर्जस्त रूपियाँ असुल गर्ने गैरकानूनी कार्यमा पनि रोक लगाउने निर्देश दिएको छ। संगठनले यदि राज्य सरकारले उक्त जबर्जस्ती रूपियाँ असुल गर्ने गैर कानूनी कार्यकलापमा उचित कार्यवाही नगरे वृहत आन्दोलन गर्ने चेताउनी दिएको छ।

उक्त सम्बन्धित क्षेत्रका गोर्खा समुदायमाथि भइरहेको अत्याचारको विरोधमा संगठनले असममा मुख्यमन्त्री तरूण गोगोईलाई सम्बोधन गरेको ज्ञापन पत्र चढ़ाएका छन्। जसलाई बिहाली खण्ड विकास अधिकारीले ग्रहण गरेका छन् औ शोनितपुर उपायुक्त तपन चन्द्र शर्मा मार्फत मुख्यमन्त्रीलाई दिइनेछ।

## गोरुबथानकाण्ड-क्रामाकपाले दियो फर्जी भिड़न्तको संज्ञा

**कालेबुङ, २५ मई।** गोरूबथानको घटनालाई क्रामाकपा पार्टीले फर्जी भिड़न्तको संज्ञा दिएको छ। क्रामाकपा, कालेबुङ आञ्चलिक कमिटीका सचिव मोहन पौड्यालले बताए, उक्त भिड़न्त गोरर्खाल्याण्डको कट्टर विरोधी पार्टी तथा गोरर्खाल्याण्ड नमाग्ने पार्टीबीच गराइएको नक्कली भिड़न्त थियो। दुवै दलको निम्ति अब छुट्टै राज्य गोरर्खाल्याण्डको माग धमिलो बनिसकेको छ। राज्यकी मुख्यमन्त्री ममता ब्यनर्जीले हालैमा दार्जीलिङमा मोर्चा प्रमुखसंग गोय बैठक गरेकी थिइन्, त्यसै बैठकमा यो रणनीति तयार पारिएको थियो। गोरूबथानकाण्डको विरोधमा डाकिने कुनै पनि बन्दको विरोध गर्ने जानकारी गराउँदै उनले अझ भने, पहाड़मा बन्द डाक्नको सट्टा जीटीएका सभासद्, विधायकहरूले कोलकातामा धरना गर्नु उचित हुनेछ। उत्तरपूर्वी राज्यमा गोर्खा जातिमाथि भइरहेका अत्याचारहरूको अवस्थामा पहाड़काहरूले तमाशा खड़ा गर्नको सट्टा त्यसको चर्को विरोध गर्दै ठोस कदम चाल्न आवश्यक रहेको पनि पौडयालले बताए।

## एनडीएफबीविरूद्ध भागोपद्वारा प्रधानमन्त्रीसित हस्तक्षेपको माग

**गान्तोक, २५ मईः** धम्काएर पैसा उठाउने नेश्नल डेमोक्रेटिक फ्रण्ट अफ् बोडोल्याण्ड (एनडीएफबी-समरजीत समूह)-ले गोर्खाहरूलाई जारी गरेको फरमान विरूद्ध भारतीय गोर्खा परिसंघ सिक्किमले घोर भत्सर्ना

▶रहल पाता २-मा

